Vol.17
नेपाली
भिविन्न देशका बिदेसीहरुको लागि समाचार

# Ota City Navigation




2021.6

## "कुरासीको गाइड 2021 (विदेशी भाषा संस्करण)" प्रकाशित गरिएको छ।

विस्तृत जानकारीको लागि


ओता सहरमा बसोबास गर्नुहुने विदेशी निवासीहरूको लागि जानकारी मूलक पुस्तिका प्रकाशित गरिएको छ। यो पुस्तिकामा दैनिक जीवनमा उपयोगी हुने प्रशस्त जानकारी राखिएको छ। हामीले निशुल्क वितरण गरिरहेका छौं।

| | |
|---|---|
| प्रकाशन भाषाहरू (6 भाषा) | अंग्रेजी, चिनियाँ, तागालाग, नेपाली, भियतनामिज र सजिलो जापानी भाषा |
| वितरण स्थल | पारिवारिक निवासी दर्ता शाखा (सहर कार्यालय 1F), विशेष उपशाखा कार्यालय (18 स्थान), अन्तर्राष्ट्रिय सहर ओता संघ बहुभाषी परामर्श काउन्टर आदि |




## फोन दोभासे सेवा सुरु गरिएको छ

संक्रामक रोग नोभल कोरोना भाइरस (कोभिड 19) आदिको कारण काउन्टरमा सेवा लिनको लागि सहर कार्यलयमा आउन कठिनाइ हुने विदेशी निवासीहरूको लागि विभिन्न सहयोग र जाँचबुझका सेवाहरू प्रदान गरिरहेका छौं। फोन दोभासे सेवामा दोभासे अपरेटर मार्फत सम्बन्धित शाखासँग तीन पक्षीय फोन दोभासे सेवा लिन सकिन्छ।




**ओता सहर फोन दोभासे सेवाको लागि मात्र प्रयोग गर्न सकिने नम्बर**

☎ 050-3159-9993　*कल चार्ज प्रयोगकर्ताले बेहोर्नुपर्नेछ

**सेवा उपलब्ध समय**

सोमबार~शुक्रबार (बिदाको दिन बाहेक)
9:00 am ~ 5:00 pm

**सेवा सम्बन्धित शाखा**

सहर कार्यालय, मुख्य भवनमा भएको सम्बन्धित शाखा

**सेवा उपलब्ध भाषा (13 भाषाहरू)**

अंग्रेजी, चिनियाँ, नेपाली, भियतनामिज, तागालाग, हिन्दी, हङ्गुर, थाई, स्पेनिश, पोर्चुगिज, फ्रेन्च, ।रसियन र इन्डोनेसियन भाषा

विस्तृत जानकारीको लागि

| | |
|---|---|
| सम्पर्क | अन्तर्राष्ट्रिय सहर, बहुसांस्कृतिक सहजीवन प्रवर्द्धन शाखा<br>☎ 03-5744-1227<br>FAX 03-5744-1323 |

# बालबालिका भत्ता  पारिवारिक स्थिति रिपोर्ट पेस गर्ने र भुक्तानी महिनाको सूचना

## पारिवारिक स्थिति रिपोर्ट पेस गर्नेबारे

जून महिना र त्यसपछिबालबालिका भत्ता वा विशेष अवस्था भत्ता निरन्तर प्राप्त गर्नको लागि, पारिवारिक स्थिति रिपोर्ट पेस गर्नुपर्नेछ। यी भत्ता प्राप्तिको दायरामा पर्ने व्यक्तिहरूलाई जून 1 तारिखदेखि 10 तारिखसम्ममा फाराम पठाइनेछ। जूनभित्र हुलाक अथवा विद्युतीय आवेदन (पित्तारी सर्भिस) द्वारा फाराम पेस गर्नुहोस्। याद राख्नुहोस्, विशेष उपशाखा कार्यालयमा फाराम बुझ्ने काम गरिंदैन।

| आवेदन दिने तरिका | |
|---|---|
| | **(1) हुलाकको खण्डमा**<br>यही खाममा हालेर पठाइएको फिर्ता पठाउने खाम (कृपया हुलाक टिकट टाँस्नुहोस्) द्वारा पेस गर्नुहोस्।<br>**(2) विद्युतीय आवेदनको खण्डमा**<br>इन्टरनेटमा "大田区　ぴったりサービス(ओता सहर पित्तारी सर्भिस)" भनेर खोज्नुहोस् र प्रक्रिया सूचीबाट आवेदन तथा आवेदनको नाम "पारिवारिक स्थिति रिपोर्ट" को आवेदन लिङ्कबाट आवेदन दिनु हुन अनुरोध गर्दछौं। |

## जूनको रकम ट्रान्सफर मिति

2021 साल फेब्रुअरी~मे को रकम, जून 9 तारिखमा ट्रान्सफर गरिनेछ।
*वित्तीय संस्थाअनुसार रकम डिपोजिट हुन 2~3 दिन ढिला हुने अवस्थाहरू हुन सक्छन्।

**बालबालिका भत्ता (सीमा रकम भन्दा कम आय भएको व्यक्ति)**

| उमेर वर्गीकरण | भुक्तानी रकम (मासिक) |
|---|---|
| 3 वर्ष भन्दा कम उमेर (सबै बच्चाहरू) | मासिक 15,000 येन |
| 3 वर्ष वा सोभन्दा बढी~प्राथमिक विद्यालय स्नातक अगाडि (पहिलो र दोस्रो बच्चा) | मासिक 10,000 येन |
| 3 वर्ष वा सोभन्दा बढी~प्राथमिक विद्यालय स्नातक अगाडि (तेस्रो बच्चा वा सोभन्दा पछिका बच्चाहरू) | मासिक 15,000 येन |
| निम्न माध्यमिक विद्यालयको विद्यार्थी (15 वर्षको जन्म दिन पछिको पहिलो मार्च 31 तारिखसम्ममा भएका बालबालिकाहरू) (सबै बच्चाहरू) | मासिक 10,000 येन |

*18 वर्ष वा सोभन्दा कम उमेरको पालन-पोषण गर्ने बालबालिका (18 वर्षको जन्म दिन पछिको पहिलो मार्च 31 तारिखसम्ममा भएका बालबालिकाहरू) देखि पहिलो बच्चाको रूपमा गन्ती गरिनेछ।

**विशेष अवस्था भत्ता (सीमा रकम वा सोभन्दा बढी आय भएको व्यक्ति)**
उमेरको आधारमा वर्गीकरण गरिनेछैन (सबै बच्चाहरू)…मासिक 5,000 येन

| आवेदन दिने ठाउँ (सम्पर्क) | |
|---|---|
| | बाल सेवा सहायता शाखा, बाल चिकित्सा कर्मचारी<br>☎ 03-5744-1275　FAX 03-5744-1525　E-mail　t-kod-ko@city.ota.tokyo.jp |

# बच्चा जन्मेपछि बसोबास योग्यता प्राप्तिको आवेदन दिनुहोस्

जापानमा जन्मेका विदेशी नागरिकको बच्चाहरू 60 दिनको अवधि बसोबास योग्यता बिना नै बसोबास गर्न सक्छन् तर 60 दिन पछि पनि जापानमा बसोबास गर्ने खण्डमा, जन्म दिनदेखि 30 दिनभित्र टोक्यो अध्यागमन ब्यूरोमा बसोबास योग्यताको लागि आवेदन दिनुहोस्।

| | |
|---|---|
| आवेदन दर्ता स्थान | टोक्यो अध्यागमन ब्यूरो　टोक्यो महानगरपालिका मिनातो सहर कोनान 5-5-30<br>☎ 0570-034259 |
| सम्पर्क | पारिवारिक निवासी दर्ता शाखा<br>☎ 03-5744-1187　FAX 03-5744-1513 |

# निवासी कर भुक्तानीबारे

चरण 1 को विशेष सहर निवासी कर तथा जिल्ला निवासी कर (निवासी कर) को भुक्तानी म्याद जून 30 तारिख हो। म्यादसम्ममा भुक्तानी गर्नुहोस्। चरण 2 को भुक्तानी म्याद अगस्ट 31 तारिख हो। नबिर्सीकन भुक्तानी गर्नुहुन अनुरोध गर्दछौं। कर भुक्तानी सम्बन्धी परामर्शको लागि ओता सहरको होमपेजमा हेर्नुहोस्।

| सम्पर्क | |
|---|---|
| | कर भुक्तानी शाखा<br>☎ 03-5744-1205<br>FAX 03-5744-1517 |

# शिक्षा परामर्श कक्ष सम्बन्धी जानकारी

- बच्चाको शिक्षा तथा स्वभाव, व्यवहार तथा गतिविधिसँग सम्बन्धित चिन्ता र विकासात्मक अपाङ्गताको बारेमा फोन र अन्तर्वार्ताद्वारा परामर्श दिइन्छ।
- बच्चाको "इजिमे (तर्साउने, हेप्ने आदि गरी पीडा दिइने कार्य)" वा साथीसँगको सम्बन्ध जस्ता दैनिक जीवनमा आइपर्ने चिन्ता र अध्ययन तथा उच्च शिक्षाको बारेमा फोन र अन्तर्वार्ताद्वारा परामर्श दिइन्छ।
- बच्चाको स्थितिअनुसार घरमा भेट्न जाने, कल्याण सेवा आदिको जानकारी प्रदान गर्ने वा सम्बन्धित निकायसँग समन्वय गरिनेछ।

### जापानी भाषा सिक्न सक्ने व्यक्तिहरू

- ओता सहरमा बसोबास गर्नुहुने अनिवार्य शिक्षा पूरा नगरेका शिशु, विद्यार्थीतथा अभिभावकहरू
- अनुकूलन निर्देशन क्लास "चुबासा" मा भर्ना हुन चाहने शिशु तथा विद्यार्थीहरू

### परामर्श मिति र समय

सोमबार~शुक्रबार 9:00 am ~ 7:00 pm
शनिबार र आइतबार 9:00 am ~ 5:00 pm
*वर्षको अन्त्य तथा सुरुको अवधि र सार्वजनिक बिदाको दिन बाहेक



### परामर्श विधि

- अग्रिम रूपमा फोनद्वारा आवेदन दिई, क्लासमा आउने मितिमा नाम लेखाउनुहोस्।
- फोनद्वारा दिइने परामर्श पनि सधैं उपलब्ध हुनेछ।

*जापानी भाषा बुझ्ने व्यक्तिलाई सम्पर्क गर्न लगाउनुहोस्।
साथै दोभासे आवश्यक अवस्थामा, अग्रिम रूपमा सम्पर्क गर्नुहोस्।

| सम्पर्क | शिक्षा केन्द्र<br>शिक्षा परामर्श कक्ष<br>☎ 03-5748-1201 FAX 03-5748-1390 |
|---|---|

# नोभल कोरोनाको भ्याक्सिन लगाउनेबारे

नोभल कोरोनाको भ्याक्सिन लगाउन सुरु गरिएको छ।
हामीले सरकारले तोकेको प्राथमिकता क्रम बमोजिम, सोको दायरामा पर्ने व्यक्तिहरूलाई क्रमअनुसार भ्याक्सिन लगाउने टिकट पठाइरहेका छौं।

### भ्याक्सिन लगाउन सकिने ठाउँहरू

1. सहरका 9 सुविधाहरू (ओता कुमिन हल, आपुरिको तेन्जिसिचु, ओता कुमिन प्लाजा ताइकुसिचु, मिनेमाची स्युकाइसिचु, रोकुगो स्थानीय गतिविधि प्रवर्दन केन्द्र काइगीसिचु, इकेगामी काइकान निसिकान, स्थानीय कार्यालय 4 स्थानहरू)
2. व्यक्तिगत भ्याक्सिन स्वास्थ्य संस्था (अस्पताल तथा क्लिनिकहरू) लगभग 200 स्थानहरू

### आवेदन दिने तरिका

इन्टरनेट र फोनद्वारा नाम लेखाउन सकिन्छ। विस्तृत जानकारीको लागि ओता सहरको होमपेजमा गई निश्चय गर्नुहोस्।

### भ्याक्सिन लगाउने प्रक्रियाहरू

1. हुलाक मार्फत भ्याक्सिन लगाउने टिकट आदि आउँछ।
2. नाम लेखाउने
3. भ्याक्सिन लगाउने टिकट र परिचय खुल्ने कागजात, भ्याक्सिन पूर्व भर्नुपर्ने स्वास्थ्य सम्बन्धी प्रश्नपत्र (जानकारी भरिसकेको पत्र) लिएर भ्याक्सिन लगाउने ठाउँमा जाने
4. स्वास्थ्य स्थितिमा समस्या नभएमा भ्याक्सिन लगाइनेछ

थप जानकारी ओता सहरको होमपेज आदि मार्फत जानकारी गराइनेछ।

**सम्पर्क**

**नोभल कोरोनाको भ्याक्सिन कल सेन्टर**
सोमबार~शुक्रबार (बिदाको दिन बाहेक) र शनिबार 8:30 am ~ 5:15 pm
☎ 03-6629-6342 FAX 03-5744-1574
**स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालय नोभल कोरोनाको भ्याक्सिन कल सेन्टर**
☎ 0120-761770 शनिबार, आइतबार र सार्वजनिक बिदाको दिन पनि खुला रहनेछ
सेवा उपलब्ध भाषाहरू: जापानी, अंग्रेजी, चिनियाँ, कोरियन, पोर्चुगिज, स्पेनिश 9:00 am ~ 9:00 pm, थाई 9:00 am~ 6:00 pm, भियतनामिज 10:00 am ~ 7:00 pm

ओता सहरको होमपेज
बहुभाषी सेवाको बारेमा

ओता सहरको होमपेज
नोभल कोरोनाको भ्याक्सिन लगाउनेबारे

# सहरवासीलाई सुरक्षित तथा ढुक्क महसुस गराउने इमेल-सेवा

दर्ता गरेको व्यक्तिलाई इमेल द्वारा मौसम, भूकम्प र सुनामीको जानकारी पठाइनेछ।
अब धेरै वर्षा हुने ऋतु आउँछ। केही भइहालेको अवस्थाको लागि दर्ता गरौं।

## के कस्ता जानकारी प्राप्त गर्न सकिन्छ?

### ① मौसम

ओता सहरमा निम्न चेतावनी र विशेष चेतावनी जारी गरिएको बेला
*"चेतावनी": सबैजनालाई जानकारी गराइन्छ "खतरा छ! सावधान रहनुहोस्!"
चेतावनी: ठूलो वर्षा, बाढी, आँधी, हिउँ आँधी, धेरै हिउँ, ठूलो समुद्रको छाल, समुद्री आँधी
विशेष चेतावनी: ठूलो वर्षा, आँधी, हिउँ आँधी, धेरै हिउँ, ठूलो समुद्रको छाल, समुद्री आँधी

### ② भूकम्प

ओता सहरमा भूकम्पीय तीव्रता गुणाङ्क (सिन्दो) ३ वा सोभन्दा बढीको भूकम्प आएको बेला

### ③ सुनामी

टोक्यो बे भित्रको बेमा सुनामी चेतावनी वा ठूलो सुनामी चेतावनी जारी गरिएको बेला

## कसरी दर्ता गर्न सकिन्छ?

**① निम्न इमेल एड्रेसमा एउटा खाली (केही पनि नलेखीकन) इमेल पठाउनुहोस्।**

| | |
|---|---|
| अंग्रेजी | kumin-en@anzen.city.ota.tokyo.jp |
| चिनियाँ | kumin-ch@anzen.city.ota.tokyo.jp |
| कोरियन | kumin-ko@anzen.city.ota.tokyo.jp |
| तागालग | kumin-ta@anzen.city.ota.tokyo.jp |

**② त्यसपछि तपाईंलाई पठाइने इमेलमा भएको URL मा गएर, स्क्रिनमा प्रदर्शित निर्देशनअनुसार दर्ता गर्नुहोस्।**

*खाली इमेल पठाएपछि, तपाईंले इमेल प्राप्त नगरेको खण्डमा,

- "anzen.city.ota.tokyo.jp" भन्ने डोमेनबाट पठाइएको इमेल प्राप्त हुने गरी सेटिङ गर्नुहोस्।
- URL भएको इमेल प्राप्त हुने गरी सेटिङ गर्नुहोस्।

**विस्तृत जानकारीको लागि ओता सहरको HP मा हेर्नुहोस्।**


सम्पर्क
विपद् रोकथाम तथा सङ्कट व्यवस्थापन शाखा
☎ 03-5744-1634 FAX 03-5744-1519
E-mail bousai@city.ota.tokyo.jp


# "चित्र किताब पुर्‍याउने अभियान" वर्कसप

यो वर्कसपमा विकासशील राष्ट्रहरूको बच्चाहरूको पढ्ने वातावरण र विकासशील राष्ट्रहरूको स्थितिको भिडियो देखाई जानकारी प्रदान गर्ने र जापानको चित्र किताबमा अनुवाद स्टिकर टाँसेर विकासशील राष्ट्रहरूमा पठाउने कार्यको वास्तविक रूपमा अनुभव गराइन्छ।

जापानको चित्र किताब पढ्न सक्ने स्तरको जापानी भाषा क्षमता भएमा, जो कोही पनि सहभागी हुन सक्नेछ।

| | |
|---|---|
| कहिले | 2021 साल जून 27 तारिख (आइतबार) 2:00 pm ~ 4:00 pm |
| कहाँ | ओमोरी मिनामी पुस्तकालय 2F बहुउद्देश्यीय कोठा |
| शुल्क | निशुल्क |
| कति जना | अधिकतम सहभागी संख्या 10 जना (अग्रिम रूपमा नाम लेखाउनुपर्नेछ) |
| आवेदन दिने तरिका | फोन, FAX अथवा पुस्तकालय काउन्टरमा आवेदन दिनुहोस्। |


आवेदन दिने ठाउँ (सम्पर्क)
ओमोरी मिनामी पुस्तकालय
☎ 03-3744-8411 FAX 03-3744-8421
〒143-0013 ओता सहर ओमोरी मिनामी 1-17-7



प्रकाशन ओता अन्तर्राष्ट्रिय शहर, बहुसांस्कृतिक सहजीवन प्रवर्द्धन शाखा
〒144-8621 ओता सहर कामाता 5-13-14 ☎ 03-5744-1227 FAX 03-5744-1323